१२३ औ कार्यपालिका बैठकका निर्णयहरु मिति २०७८/१२/०९

निर्णय नं. १ – यस नगरपालिका अन्तर्गत Integrated Solid Waste Management (ISWM) & Faecal Siudge Treatment Plant (FSTP) कार्यक्रम संचालन भैरहेकोमा यस नगरपालिका वडा नं. ११ को कृष्ण सामुदायिक वनको जग्गा प्रयोग हुने भएकाले सो जग्गा प्राप्तिका लागि उक्त जग्गामा रहेका रुख , पोलहरुको संख्याको आधारमा वन ऐन , २०७६ , राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धि मापदण्ड सहितको कार्यविधि , २०७६ को दफा १० अनुसुची १ बमोजिम प्रयोग हुने वनक्षेत्रका किसिम र क्षेत्रफलको आधारमा हुन आउने मूल्यांकन रकम र बृक्षारोपण (संरक्षण , सम्वर्द्धन समेत) का लागि कुल रकमको हुन आउने १० % रकम रु १५,८३,९६५। ४५ रकम वन विकास कोष खातामा न.पा.को समपुरक कोष बाट रकम जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. २ – आ.व. २०७८/०७९ मा यस नगरपालिकामा स्थानिय सडक मर्मत सम्भार कार्यका लागि सडक बोर्ड नेपालको मिति २०७८/११/६ गतेको निर्णयानुसार रु ४३ लाख स्वीकृत गरि पठाईएको मा सडक बोर्ड नियमावली २०६० को परिच्छेद ३ को नियम ९ बमोजिम ३० % रकम रु १७ लाख न.पा. को समपुरक कोष बाट विनियोजन गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ – आ.व. २०७६/०७७ को ठेक्का नं. २९ को वडा नं. ४ ढाणा देखि वडा कार्यालय जाने कालोपत्रे सडक निर्माण कार्य सम्पन्न गर्न अपुग रकम रु ५ लाख न.पा.को समपुरक कोषबाट रकम थप गरी ठेक्का कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ – यस शुक्लाफाँटा नगरपालिका वडा नं. १०, साबिक झलारी गा.वि.स. वडा ३ , नक्सा सिट नं. ०२६००३० को कित्ता नं. ६३ अन्तर्गत पर्ने सार्वजनिक सडक मध्ये , कित्ता नं. ४६९ र ४७० को बिच (केन्द्र) भएर जाने उत्तर दक्षिण सार्वजनिक सडक खण्ड कित्ता नापि नक्सा बमोजिम तथा शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण कार्यविधि २०७६ , बमोजिम हाल नक्सामा कायम रहेको ११६ मिटर लम्बाई रहेको मध्ये ९७ मिटर बाटो चलनचल्तीमै रहेको र सो भन्दा उत्तर तर्फ रहेको कि.नं. २५६ संग जोडिएको खोला मा टुङ्गिने १९ मिटर लम्बाई सडक हाल मनीराज जोशीले मिचि हाल सम्म भोगचलन गरिराखेकाले सो सार्वजनिक सडक खाली गर्न नापी कार्यालय कंचनपुर र शु.न.पा.का अमिनको संयुक्त रुपमा खटाई सोको सहजिकरणका लागि वडा नं. १० वडा समिति , सामुदायिक मेलमिलाप कर्ता र न्यायिक समिति बाट समन्वयं र सहजिकरण गराई सो सडकको ट्र्याक खोल्ने गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ – ९७ औ कार्यपालिका बैठकको निर्णय नं. ६ को (क) मा वडा नं. ७ को स्याली र टोटी नाला ट्रष्टपुल हुनुपर्नेमा स्याली र सुनवरा भएकोले सच्याउने निर्णय गरियो साथै देहाय बमोजिमका झो.पु./ ट्रष्ट पुलका लागि नेपाल राष्ट्रिय विकास (NMBS) कंचनपुर लाई अनुरोध गर्ने साथै निर्माण कार्यका लागि प्राविधिक तथा सामाजिक सहयोगका लागि निज संस्था संग सम्झौता गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१) सुनवरा नदीमा झो.पु. शु.न.पा. वडा नं. २

२) चितौरा नालामा ट्रष्ट पुल शु.न.पा. २

३) सुनवरा नदीमा झो.पु. शु.न.पा. वडा नं. ४ र ११

निर्णय नं. ६ – क्षेत्रीय शहरी विकास आयोजना (RUDP), संस्थागत विकास परामर्सदाता (IDC) को सहयोगमा यस नगरपालिकाले गत वर्ष २०७७/०७८ मा तयार गरी कार्यान्वयनमा ल्याएको र यो वर्ष (२०७८/०७९ मा) अध्यावधिक गरिएको राजश्व सुधार कार्ययोजना कार्यान्वयनका लागि स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ७ – शुक्लाफाँटा नगरपालिका कंचनपुर टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि , २०७८ स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ८ – शुक्लाफाँटा नगरपालिका अन्तर्गत पिपलाडी स्वास्थ्य चौकी कोभिड अस्थाई अस्पतालमा भएका एक्सरे मेसिन, ई.सी.जी. मेसिन र भिडियो एक्सरे मेसिन समेत संचालनमा ल्याउन परामर्स सेवा खरिद नियमावली बमोजिम मेडिकल अधिकृत करारमा भर्ना गर्ने निर्णय गरियो र मेडिकल अधिकृत को सेवा सुविधा नगर अस्पताल संचालन तथा व्यवस्थापन खर्चका लागि विनियोजित रकम बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ – शुक्लाफाँटा नगरपालिकाको मिति २०७८/१/१५ गते बसेको १०१ औं कार्यापालिका बैठकको निर्णय नं.१० मा क्षेत्रीय शहरी विकास आयोजनाबाट निर्माणाधिन सडक M1, M2 र M3 निर्माणको क्रममा हुने क्षेतीपूर्तीको लागत ईष्टिमेट अनुसार व्यवस्थापन गर्ने निर्णय भएकोमा उक्त निर्णय संसोधन गरि क्षतीपूर्तीको लागत ईस्टिमेट अनुसार घरहरुको मर्मत सुधार खर्च सम्वन्धित व्यक्तीलाई भूक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १० – शुक्लाफाँटा नगरपालिका वडा नं. ४ मा निर्माणाधिन नगर अस्पतालको क्षेत्र भित्र निर्मित २ कोठे हुलाक कार्यालय रहेको हुँदा उक्त कार्यालयलाई ४ नं. वडा कार्यालय द्धारा अन्यत्र उचित व्यवस्थापन गरि अस्पताल भवन निर्माण कार्य सुचारु गर्ने।

निर्णय नं. ११ – यस शुक्लाफाँटा नगरपालिकाको १० वर्षे शिक्षा योजना २०७८/०७९ – २०८८/०८९ लाई परिमार्जन सहित अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२ – यस शुक्लाफाँटा नगरपालिकाको नवौं नगरसभाबाट वडा नं. १० का लागि नगर पुस्तिकाको पे नं. ९४ को सि.नं. ४४०,४४१,४४२,४४३,४४४ र ४४७ को स्वीकृतबार्षिक बजेट बाट जम्मा रकम रु ३४,००,०००।– अक्षेरुपी चौतीस लाख माध्ये ठेक्का नं. SMP/078/79/NCB/CW/14 बाट ठेक्का लगाई रकम रु १४,४२३५६।– (मु.अ.कर र कन्टेन्जेन्सी सहित) स्विकृत भई बाँकी रहेको रकम रु १९,५०,०००।– अक्षेरुपी उन्नाईस लाख पचास हजार बाट तपसिलका योजना हरु आगामी नगरसभा बाट अनुमोदन हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

१) बन्जरीया नहर संधुवा चौधरीको घर देखी पूर्व जाने बाटो र टोटी अनिराज जोशीको अर जाने बाटो रु ४,५०,०००।

२) खुल्ला मञ्च देखि पूर्व हुदै दक्षिण खेल मैदान सम्म जाने बाटो र खल्ला बस्ती ईन्दर रानाको घर जाने बाटो रु ५,००,०००।–

३) नहर तर्क राज पन्त को घर देखि पश्चिम जाने बाटोमा ग्रेभल रु ५,००,०००।–

४) वडा भरीका विभिन्न बाटोमा खोल्डा खुल्डी भरान र मर्मत रु ५,००,०००।–

निर्णय नं. १३ – यस शुक्लाफाँटा का १२ वटै वडाहरुमा सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण कार्यविधि २०७६ , बमोजिम नयाँ खोलिएका सडक मा बनेका घरहरुको घर धनी बाट नियमानुसार राजश्व लिई घर नक्सा पास गरी सम्वन्धित निकायलाई घर बाटो सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ – यस शुक्लाफाँटा वडा नं. ११ स्थित रहेको श्री सरस्वती म.वि. अम्मरपुरमा विल्डन संस्था संग साझेदारी गरी ३ कोठे भवन निर्माण भईरहेकोले न.पा. बाट व्यहोर्नु पर्ने रकम रु ७ लाख चालु आ.व. २०७८/०७९ मा रकम भ्याएमा समपुरक कोषबाट भुक्तानी गर्ने यदी समपुरक कोषमा रकम अपुग भएमा आगामी आ.व. मा बजेटको प्राथमिकतामा राखि उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ – यस शुक्लाफाँटा नगरपालिका चालु आ.व. २०७८/०७९ को प्रशासनिक खर्च शिर्षकहरुमा तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुमा आगामी नगर सभा बाट अनुमोदन हुने गरी हाललाई योजना परिवर्तन / रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

सि.न	पुरानो योजना	विनियोजित रकम	नयाँ योजना	बिनियोजित रकम	कैफियत
१	पारिश्रमिक कर्मचारी	रु ३,६५,००,०००।००	पारिश्रमिक कर्मचारी	रु ३,०४,००,०००।००	कायम
			ईन्धन कार्यालय प्रयोजन	रु २३,००,०००।००	नयाँ थप
			सवारी साधन मर्मत	रु १०,००,०००।००	नयाँ थप
			अनुगमन मुल्यांकन	रु ५,००,०००।००	नयाँ थप
			मेसिनरी सामाग्री मर्मत	रु ३ ,००,०००।००	नयाँ थप
			स्फटवयर व्यवस्थापन	रु ५,००,०००।००	नयाँ थप
			विविध खर्च	रु ८,००,०००।००	नयाँ थप
			मेसिनरी तथा औजार खदिर	रु ५,००,०००।००	नयाँ थप
			फनिचर तथा फिक्चर्स	रु २,००,०००।००	नयाँ थप
		जम्मा नयाँ थप रकम		रु.६१,००,०००।००	

निर्णय प्रमाणित